## सवारी...

त्यस्ता गाडी बोक्न मकवानपुरका बलिया युवाहरूलाई प्रयोग गरिन्थ्यो। गाडी बोक्नेहरूमध्ये कतिले त दुई छाक भातको भरमा पसिना बगाएको र कतिले भने गाडी बोकेरै प्रशस्त जग्गाजमिनसमेत जोडेको उनीहरूको जीवनीबाट थाहा पाउन सकिन्छ।

तिनैमध्येका एक अन्तिम जीवित पात्र घलानको मृत्युसँगै गाडी बोक्नेको सजीव अनुहार अस्ताएको छ। उनीहरूले वर्णन गरेका कष्टकर यात्रा अनुभव ओझेलमा परेका छन् तर त्योभन्दा कम छैन अहिले राजधानीमा गाडी गुडाउनेको कथा।

घलानका सन्तान के गर्छन् थाहा छैन तर उनका छोराजस्तै उमेरका दोलखा दोरम्बाका ५१ वर्षीय दिनेश मोक्तान सात वर्षयता राजधानीमा ट्याक्सी कुदाउँदैछन्। साउदी अरबमा पाँच वर्ष काम गरेर आएका उनले उतैको कमाइमा ऋणधन गरेर परिवार चलाउन गाडी किनेको सुनाए। 'यही गाडी भारतमा दुई लाखमा पाइन्थ्यो,' सेकेन्ड ह्यान्ड गाडी नौ लाखमा किनेका उनले भने, 'यहाँ आएपछि गाडी अचाक्ली महँगो हुने रहेछ।' बिरामी बोकेर सरकारी अस्पताल जाँदै गरेका उनले गाडीको मूल्य धेरै हुँदा जमिनसमेत बन्धकी राख्नुपरेको बताए। विलासिताको सामग्री भएर यस्तो महँगो भएको भन्नेसम्म आफूले थाहा पाएको उनले सुनाए।

'गाडी चढ्ने पनि गरिब, चलाउने पनि गरिब,' आफ्नो प्यासेन्जरलाई देखाउँदै मात्तान भन्छन्, 'विलासिता भनिएकाले गाडी महँगो हुँदा त्यसको मारमा अहिले हामी दुवै पिसिँदैछौं।'

उनको जस्तै भोगाइ छ, टोखाका नारायण अधिकारीको पनि। काँठ क्षेत्रका उनले हालसालै जमिन बेचेर गाडी किनेको सुनाए। घरमा रहेको बुढा बा आमाको रहर पूरा गर्न आफैंले गाडी किनेको उनी बताउँछन्। 'सार्वजनिक सवारीसाधन चढ्न सक्ने अवस्था छैन,' उनले भने, 'बुढाबुढीका लागि किनेको गाडी पनि निकै महँगो छ।' आफूले २० लाखमा किनेको गाडी भारतमा पाँच लाखमा पाइने गरेको उनले बताए। उनले यस्तो महँगो किन भएको भन्ने जानकारी नभए पनि सरकारले गाडीको भन्सारमा कम गरिदिएर सामान्य मानिसले पनि गाडी किन्ने रहर पूरा गर्न सक्ने सुझाए।

नेपालमा निजी प्रयोजनमा प्रयोग हुने सवारीसाधनमा उच्च कर लाग्दै आएको छ। सरकारले मदिरा र चुरोटमा जस्तै कारमा पनि उच्च अन्तःशुल्क लगाउँदै आएको छ। यसले भारतमा पाँच लाख भारु पर्ने कार नेपालमा ३१ लाख रूपैयाँभन्दा बढी तिर्न बाध्य भएको जानकार बताउँछन्।

सरकारले अहिले ८० प्रतिशत भन्सार, सिसीको आधारमा ४० देखि १०० प्रतिशतसम्म अन्तःशुल्क, १३ प्रतिशत मूल्य अभिवृद्धि कर र आठदेखि १० प्रतिशत सडक निर्माण दस्तुरको रूपमा भन्सार बिन्दुमै राजस्व संकलन गर्दै आएको छ। यसले पाँच लाख भारुको कारबाट नेपाल सरकारले १० लाख भारुभन्दा बढी राजस्व संकलन गर्दै आएको देखिन्छ।

त्यही कारणले होला पैसा धेरै भएकासँग धेरै गाडी छन् तर सामान्य मानिससँग आवश्यकता धान्ने एउटा गाडी किन्ने हैसियत पनि भएन। 'भारतमा रहेको मेरो साथीले मेरो भन्दा कम तलब खान्छ र गाडीमा हिँड्छ,' आइटी सेक्टरमा काम गर्ने रवीन्द्र थापाले भने, 'मेरा लागि गाडी किन्ने सपना विपना बन्न सकिरहेको छैन।' उसले १० लाखमा किनेको गाडी मेरो देशमा ५० लाखभन्दा बढी पर्ने गरेको उनले सुनाए। उनी नेपालमा गाडीको मूल्य कसरी घट्ला भन्ने प्रतीक्षामा छन्।

यसलाई कम गर्न सकिने थुप्रै उपाय छन् तर सरकार ती कुनै पनि उपाय अवलम्बन गर्न तयार छैन। यसले घरमा एउटा सानो कार राख्ने नागरिक र घरमा दर्जनौं कार राख्नेलाई एउटै बास्केटमा राखेर कर लगाउँदै आएका कारण समस्यामा रहेको कतिपय व्यवसायी बताउँछन्।

'वार्षिक रूपमा सरकारले सडक करको नाममा ठुलो रकम असुलउपर गर्दै आएको छ। बिमा, मर्मत र इन्धनमा पनि ठुलो रकम खर्च गर्नुपर्ने भएकाले नेपालमा औसत आय भएका मानिसले कारको सपना देख्नै सक्दैनन्,' व्यवसायी विकेश मल्ल भन्छन्, 'औसत आयस्रोत भएका मानिसलाई गाडी चढ्न सक्ने बनाउँदै उसको उत्पादकत्व वृद्धि र थप आयआर्जनमा लाग्न प्रेरित गर्न पनि कारको मूल्य कम गर्नुपर्ने देखिन्छ।'

उनले सवारीसाधन अर्थतन्त्रका पांग्रा भएको हुँदा यसले मानिसको उत्पादकत्व बढाउँछ भन्ने विषयमा सरकारले गम्भीर भएर सोच्नुपर्ने बताए।

उनले १२०० सिसीसम्मको पहिलो कार किन्नेलाई अन्तःशुल्कमा छुट दिन सुझाए। सरकारले अहिले १२०० सिसीसम्मका कारमा ५० प्रतिशतसम्म अन्तःशुल्क लगाउँदै आएको छ।

त्यस्तै कुनै परिवार पहिलो कार किन्न आएको छ भने त्यसलाई १२०० सिसीसम्मका कारमा अन्तःशुल्क छुट दिने व्यवस्था लागु गर्न सक्ने हो भने यसले कारको बिक्री बढ्नुका साथै मध्यम आय भएका मानिसले कार किन्नुपर्छ भन्ने सोच राख्न सक्ने उनको बुझाइ छ।

पूर्वाधार विज्ञ आशिष गजुरेल पनि सार्वजनिक यातायातलाई व्यवस्थित गर्नतर्फ सरकारले ध्यान दिन नसक्दा समस्या आएको सुझाउँछन्। 'एकातिर सार्वजनिक यातायात व्यवस्थापनमा सकार चुकेको छ,' उनले भने, 'यसैबाट आजित भएर सानो सवारी किन्नेहरू बढ्दो करको मारमा परेका छन्।' दुई सय ५० देखि तीन सय प्रतिशतसम्म भन्सार कर लिएका कारण भारतमा भन्दा नेपालमा सवारी महँगो हुन पुगेको उनको बुझाइ छ।

उनको कुरासँग जोरपाटीका मदन घिमिरे पनि सहमत छन्। उनी गाडी किन्ने सोखभन्दा पनि बाध्यता रहेको सुझाउँछन्। 'सार्वजनिक सवारी अव्यवस्थित छन्, त्यसैले सानो भए पनि निजी राख्न बाध्य भएका हौं,' उनले भने, 'यसरी बाध्य हुने नागरिकको हकमा पनि सरकारले सोचिदिए राम्रो हुने थियो।'

## प्रम...

त्यसको उल्लंघन भए हामीले अनुचित भन्न सक्नुपर्छ। तर्कलाई भन्दा तथ्यलाई अगाडि सार्न सक्नुपर्छ। हामी विश्वशान्ति र आफ्ना नागरिकको सुरक्षाका सवालमा संवेदनशील छौं। कुनै पनि देशले आफ्नो स्वार्थका लागि अरूको स्वाभिमानमा धक्का लगाउने काम गर्नुहुँदैन।'

प्रधानमन्त्री ओलीले देशभित्रको कमजोरी र स्वार्थ लुकाउन 'भूराजनीति'को प्रभाव भन्ने सोच उचित नहुने भन्दै राष्ट्रलाई शिरमा राखेर राष्ट्रिय स्वाभिमानको झन्डालाई फहराउन आग्रह गरे। उनले नेपाल र भारतबीचको शीर्ष तहको सहमतिबाट सन् १९५० का सन्धिलगायत विषयमा पुनरवलोकनका लागि गठित प्रबुद्ध व्यक्तिहरूको समूह (इपिजी) को प्रतिवेदन बुझ्न भारतीय पक्षलाई आग्रह गर्दै त्यसपछि सीमा विवादलगायत विषयमा थप संवाद गर्न सहज हुने स्पष्ट गरे। उनले २०७२ सालमा भारतले नेपाललाई

### पहिलो पृष्ठको बाँकी

नाकाबन्दी लगाएका बेला आफू प्रधानमन्त्री हुँदा चीनसँग व्यापार तथा पारवहन सन्धि हुनु युगान्तकारी काम भएको पनि स्मरण गरे। तत्कालीन परराष्ट्रमन्त्री थापाले चीनसँगको उक्त सम्झौता कार्यान्वयन गर्न आग्रह गर्दै राष्ट्रिय हित र स्वाभिमानका सवालमा अन्तर्राष्ट्रिय मञ्चमा खुलस्त र निडर रूपमा कुरा राख्न सक्ने नेताका रूपमा प्रधानमन्त्री ओलीलाई आफूले पाएको बताए।

**'नेपाली समाज बिथोल्न सम्भव छैन'**

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली समाज बहुसांस्कृतिक र शान्तिप्रेमी भएकाले यस समाजलाई बिथोल्ने र भड्काउने प्रयास सफल नहुने बताएका छन्। सैनिक मञ्चमा सोमबार आयोजित गौरा पर्वको कार्यक्रममा शुभकामना दिँदै प्रधानमन्त्री ओलीले नेपालीपन भनेको मेलमिलाप र शान्तिपूर्ण भए पनि कतिपय नयाँ पुस्तामा सभ्यता, शिष्टता र मर्यादाको ख्याल नभएको देख्दा दुःख लागेको बताए। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासमेत सहभागी कार्यक्रममा प्रधानमन्त्री ओलीले सुन्दर सुदूरपश्चिमबाट सुरु भएको गौरा पर्व मौलिक पर्व भएको उल्लेख गरे।

## बालुवामा...

ठेकेदारले बालुवा खरिद गरी ट्याक्टर र टिपरमार्फत सदरमुकाम र आसपासका जिल्लामा पुर्‍याउने गरेको स्थानीय बताउँछन्। निर्माणकार्यमा बालुवा अनिवार्य हुने भएकाले मागअनुसार संकलन भने हुन सकेको छैन। बालुवाको मागअनुसार निकाल्न नकेको उनीहरू बताउँछन्। जवा, तिला र हिमा नदीमा बालुवा संकलन कार्य तीव्र चलिरहेको छ। गरिबीका कारण बालुवा निकाल्ने महिला र बालबालिकाको संख्या बढ्दै गएको छ। 'एउटा समूहमा १० देखि २० जनाले बालुवा निकाल्दै आइरहेका छौं,' भगवतीले भनिन्, 'साउन र भदौको भेलमा पनि ज्यानको बाजी थापेर बालुवा निकाल्नुपर्ने बाध्यता छ। बालुवा बेचेर पाँचदेखि आठजनाको परिवार पालिरहेका छौं।' जुम्लाका महिलाको दैनिकी नै नदीकिनारको बालुवामा सुन खोज्दै बित्ने गरेको छ। उमेरले ४५ वर्षकी बासमती सार्की भन्छिन्, 'कमाउन बाहिर जान नसक्ने भएपछि बालुवा चालेर दैनिकी चलाउनुपरेको छ।' उनले विगत वर्षदेखि नदीकिनारलाई आधार बनाएर सुन खोज्ने र बिक्री गरेर जीविका चलाएकी छन्। नदीको बालुवाबाट सुन निकाल्न त्यति सजिलो छैन तापनि उनीहरू जस्तै अन्य महिलालाई पनि जवा, हिमा र तिला नदीलाई जीवन चलाउने आधार बनाउँछन्। सुन चाल्ने काम गरेर घर खर्च टार्छन्। वर्षे भेलले बगाएर ल्याएको बालुवामा सुन खोज्ने हरेक वर्ष रित हो। बालुवा संकलनका क्रममा विगतका वर्षहरूमा दर्जनौं मानिसले ज्यान गुमाउनु परिरहेको छ।

## ओमानी...

राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री केपी शर्मा ओलीका साथै परराष्ट्रमन्त्री राणासहितका उच्च अधिकारीसँग भेट गरी उनी मंगलबारै स्वदेश फर्कने कार्यक्रम छ। भ्रमणका दौरान दुवै देशका विदेशमन्त्रीहरूबीच नेपाल-ओमान सम्बन्धलाई थप प्रगाढ बनाउने र द्विपक्षीय हितका अन्य विविध विषयमा विषयमा छलफल हुने परराष्ट्र मन्त्रालयले जनाएको छ।

## कानुनले...

मुद्दामा असोज १० गते मात्र पेसी तोकिएको छ। सर्वोच्चको यस आदेशसँगै नेपाल प्रहरीको भावी नेतृत्वको रोलक्रम पनि खल्बलिएको छ।

सर्वोच्च अदालतले गरेको निर्णयमा चित्त नबुझे त्यसको खारेजीको माग गर्दै सरकारलाई सर्वोच्च अदालतमा जान पाइने प्रावधान छ। त्यस्तो निवेदन स्वीकार गरेर सर्वोच्चले आफ्नो अघिल्लो निर्णय खारेज गर्ने कार्यलाई 'भ्याकेट' भनिन्छ। 'भ्याकेट' भन्नाले अदालतले गरेका आदेशहरू खारेज गर्न सरकारले दिने निवेदन हो। अदालतले सरकारको भ्याकेट दर्ता गर्न अस्वीकार समेत गर्न सक्ने प्रावधान छ। सर्वोच्च अदालत नियमावली ४१ को उपनियम ३ अनुसार 'एक पक्षीय सुनुवाइ गरी अन्तरिम आदेश जारी भएकोमा वा कुनै कारणले अर्को पक्षले आफ्नो कुरा प्रस्तुत गर्ने मौका नपाएको अवस्था त्यस्तो अन्तरिम आदेश रद्द गरी पाउनका लागि सो पक्षले निवेदन दिन सक्ने' व्यवस्था छ। सोहीअनुसार सरकार भ्याकेटमा जान लागेको हो। नियमावलीमा अदालतले उचित र आवश्यक देखे अघि दिएको अन्तरिम आदेश रद्द गर्न वा त्यसमा आवश्यक संशोधन गर्न सक्ने व्यवस्था छ। यस नियमअनुसार मुद्दामा नेपाल प्रहरीको संगठन पनि भ्याकेटमा जान पाउँछ। साथै उक्त फैसलाको चित्त नबुझेका कुनै प्रहरी अधिकृतहरू पनि भ्याकेटमा जान सक्नेछन्।

यसैगरी सर्वोच्च अदालतको आदेशबाट उत्साही भएर सशस्त्र प्रहरी कर्मचारीहरूले पनि ३० वर्षे सेवा अवधिविरुद्ध रिट दायर गरेका छन्। २०५१ सालमा नेपाल प्रहरीबाट सेवा प्रवेश गरी २०५८ सालमा सशस्त्र प्रहरीमा स्थानान्तरण भएका अधिकृतहरूले सेवा अवधिसम्बन्धी प्रावधान बदरको मागदाबीसहित आइतबार रिट दायर गरेका छन्। उनीहरूको रिटको मंगलबार पेसी तोकिएको छ। सशस्त्र प्रहरीका अधिकृतहरूका तर्फबाट अधिवक्ता अनिता अधिकारीले वारेसमार्फत रिट दायर गरेकी हुन्। रिट दायर गर्नेहरूमा सशस्त्रका दुईजना प्रहरी नायब महानिरीक्षक (डिआइजी) दुर्गाप्रसाद भट्टराई र अभि खत्री, सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) विश्व भट्टराई तथा उपरीक्षक (एसपी) हरू पूर्ण साउद, उद्धव रावल, त्रिभुवन विष्ट, अशोक शाक्य, धनबहादुर सिंह, प्रेमबहादुर रावल, अम्बरबहादुर ऐर, गोपाल श्रेष्ठ र दीपेन्द्र गिरी छन्। एसपी साउदले गृहमन्त्री आफ्नो मान्छे भएको भन्दै राजनीतिक तहमा लामो लबिङ पनि गरेका थिए।

३० वर्षे सेवाअवधि कायम रहे रिट दायर गर्ने सबै अधिकृत आगामी भदौ १६ गतेबाट अनिवार्य अवकाशमा जानेछन्। प्रहरी सहायक निरीक्षक (असई) बाट सेवा प्रवेश गरेका उनीहरू माओवादी सशस्त्र द्वन्द्व उत्कर्षमा पुगेका बेला सशस्त्र प्रहरी बल (एपिएफ) गठन भएपछि सेवा स्थानान्तरण गरेका थिए। सुरुमा नेपाल प्रहरी र नेपाली सेनाका कर्मचारीलाई कार्यरत रहँदाको बेला रहेको तहभन्दा एक तह बढुवा गरेर सशस्त्रमा लगिएको थियो। आफूहरू भर्ना हुँदा ३० वर्षे सेवा अवधि नभएको तर कार्यरत रहँदा मात्रै ३० वर्षे सेवा अवधि भएकाले धोका भएको आशयको रिट दायर भएको छ।

# पाटन अस्पतालमा अब सबै अभिलेख डिजिटल

काठमाडौं, भदौ १० (नागरिक)- कुनै पनि बिरामीले अस्पताल जाँदा भएभरका कागजात बोकेर लानुपर्छ या त्यहाँ पुगेर नयाँ कागज बनाउनुपर्छ। तर पाटन अस्पतालले बिरामीलाई अब यस्तो कुनै पनि झन्झट बेहोर्नुनपर्ने व्यवस्था गर्न लागेको छ। उपचारसम्बन्धी सबै अभिलेख डिजिटल प्रणालीबाटै दिने उद्देश्यका साथ उक्त अस्पतालले तीव्र तयारी गरिरहेको हो। भदौ अन्तिम सातादेखि पूर्ण डिजिटल प्रणालीबाट सेवा दिने गरी काम भइरहेको अस्पतालका निर्देशक डा. रवि शाक्यले बताए। 'सत्तरी प्रतिशत काम पूरा भएको छ, अब छिट्टै सुरु हुन्छ,' उनले भने।

यो प्रणाली स्वास्थ्य बिमा कार्यक्रम लागु हुने प्रथम बिन्दु अस्पतालहरूमा सुरु भइसकेको छ। ती अस्पतालहरूमा सफल प्रयोग भइसकेको र पाटन अस्पतालका पनि केही शाखामा त्यस्तो प्रणाली सुरु भइसकेको निर्देशक डा. शाक्यले जानकारी दिए। यो पूर्ण डिजिटल प्रणालीबाट सेवा सुरु भएपछि बिरामीलाई धेरै कुरामा सहज हुने शाक्यको विश्वास छ। पाँच वर्षदेखि डिजिटल प्रणाली केही शाखामा सुरु गर्दै पूर्ण बनाउन लागेको अस्पतालले जनाएको छ। यसका लागि अस्पतालको आफ्नै सफ्टवेयर खरिद गरिसकेको र अन्य प्रविधि पनि तयार गरिसकेको निर्देशक शाक्यले बताए। यो अभ्यास सुरु हुँदा नयाँ पुस्ताका चिकित्सकहरूसमेत खुसी भएको उनले सुनाए।

डा. शाक्यका अनुसार अब पाटन अस्पतालमा पहिलाजस्तो बिरामीले घन्टौं लाइन बसेर बहिरंग सेवाको टिकट लिइरहनुपर्नेछैन। फलोअपमा आउने बिरामीले भएभरका पुरै रिपोर्ट बोक्नुपर्नेछैन। खोजेका जति सबै रिपोर्ट बिरामी आइडी कार्डका भरमा भेटिने हुनाले उपचारमा एकरूपता हुँदा सहज हुनेछ। प्रयोगशालाको रिपोर्ट लिन घन्टौं लाइन बस्नुनपर्नेछैन। रिपोर्ट नहराउने, पुरानोभन्दा पुरानो उपचार अभिलेख सजिलै खोज्न सकिनेलगायत अरू थुप्रै लाभ डिजिटल प्रणालबिाट हुने शाक्यले बताए। 'यो सेवाले अस्पताललाई भन्दा बढी बिरामीलाई फाइदा छ। हाम्रो सेवा बिरामी केन्द्रित होस् भन्ने हो,' उनले भने। डिजिटल प्रणालीले अस्पताललाई पनि लाभ हुनेछ। 'यो सेवा सुरु भएपछि बिरामीले रजिस्टर नम्बर मात्र बोके हुन्छ, अरू केही बोकेर आउनुपर्दैन,' उनले भने।

चिकित्सकले कुनै बिरामीको उपचार गर्दा उपचारको पुरानो अभिलेख सजिलै भेटिँदा उचित उपचारका लागि सहज हुने भएकाले बिरामीको रोग र उपचारको हिस्ट्री धेरै सोध्नुनपर्ने आवश्यकता नै हुन्न। साथै पुरानो फाइल खोज्ने झन्झट नहुने, कागज छपाइमा हुने खर्च घट्ने, आर्थिक कारोबारलगायत अस्पतालले फाइदा हुनेछ।

बिरामीको आइडी नम्बर थिचेपछि सबै विवरण डाक्टरले हेर्छन् र सबै अभिलेखअनुसार उपचार गर्छन्,' उनले भने। अस्पतालमा बिरामीको धेरै भिड भएपछि सहज सेवा दिन, अस्पताललाई छरितो र पारदर्शी बनाउने उद्देश्यले अस्पतालको आफ्नै योजनामा डिजिटल प्रणाली सुरु गर्न लागेको शाक्यले बताए। 'अस्पतालको आफ्नै खर्च र अवधारणमा यो प्रणाली लागु गर्ने तयारी भएको हो,' उनले भने।

सरकारी अस्पतालमा बिरामीको अभिलेख पूर्ण रूपमा डिजिटल प्रणालीमा पाटन पहिलो ठुलो अस्पताल हुनेछ।


## तिलाठी कोइलाडी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**तिलाठी, सप्तरी**

**मधेश प्रदेश, नेपाल**

### प्राविधिक प्रस्ताव स्वीकृती/आर्थिक प्रस्ताव खोल्ने सूचना

**सूचना प्रकाशित मिति : २०८१/०५/११**

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाबाट मिति २०८१/०१/१३ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका तथा www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना Drinking Water & Sanitation Facility Different Community School of Tilathi Koiladi Rural Municipality (ठेक्का नं. : TKRM/SAP/Works/NCB/06/2080-081) अनुसार मिति २०८१/०२/२७ गते खोलिएका प्राविधिक प्रस्तावहरु मूल्यांकन गर्दा तपसिल अनुसारको बोलपत्रदाता प्राविधिक प्रस्ताव मूल्यांकनमा उत्तिर्ण भएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को (५) अनुसार निम्न मिति, स्थान र समयमा आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | प्राविधिक प्रस्ताव मूल्यांकनबाट छनोट भएका बोलपत्रदाता | आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान |
|---|---|---|
| १. | १. श्री उदय/बम शंकर जे.भि., राजविराज-७ | मिति : २०८१/०५/१८<br>समय : दिउँसो ०१:०० बजे<br>स्थान : तिलाठी कोइलाडी गाउँपालिका, तिलाठी, सप्तरी |

## राजापुर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

राजापुर, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

### निःशुल्क औषधी तथा सर्जिकल्स् सामाग्रीहरु आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०५/११

यस कार्यालयको आ.व. ०८१।०८२ लागि आवश्यक औषधी सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गनुपर्ने भएकोले मु.अ.क.मा दर्ता भएका इच्छुक ईजाजत प्राप्त सप्लायर्स, विक्रेता तथा व्यवसायीहरुले रितपुर्वकको बोलपत्र तपसिलको शर्तहरु पालना हुने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको Website www.bolpatra.gov.np/egp मार्फत पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु:**

१. यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र आ.व. ०८०।०८१ कम्पनी-फर्ममा नविकरण भएको ईजाजत प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, आयकर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र औषधि आपुर्ति गर्ने ईजाजतपत्रको प्रमाणित प्रलिलिपी संलग्न राखि कार्यालय समय भित्र छुट्टाछुट्टै निवेदनबाट रु.१०००।- राजापुर नगरपालिकाको आन्तरिक राजस्व खाता ०२८०३०००००१००१०००००१ मा तिरी दरभाउपत्र फाराम दस्तुर फिर्ता नहुने गरी बुझाउनु पर्नेछ।

२. दरभाउपत्रदाताले दरभाउपत्र खरिद गर्दा कार्यालय प्रमुखको दस्तखत र कार्यालयको छाप लागेको दरभाउपत्र www.bolpatra.gov.np/egp Download गरी Online मार्फत खरिद गर्नुपर्ने छ। खरिद भएको दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे भित्र दरभाउपत्र फाराममा सहीछाप गरी दरभाउपत्रदाताको नाम, ठेगाना फोन तथा फ्याक्स नं. समेत खुलाई सिलबन्दी दरभाउपत्र Online मार्फत दर्ता गराउन सकिने छ।

३. दर्ता भएका दरभाउपत्रहरु सोहि दिनको २:०० बजे दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा कार्यालयमा खोलिने छ। दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

४. दरभाउपत्रको अन्तिम दिन तथा दाखिला गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्यहरु हुनेछ।

५. सिलबन्दी दरभाउपत्र साथ तपसिलमा उल्लेखित कागजातहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ, अन्यथा सिलबन्दी दरभाउपत्र मुल्याकंन सम्बन्धी कुनै पनि कारवाही गरिने छैन।
   क) आफु खरिद कारवाहीका लागि अयोग्य नभएको र कालो सुचीमा नपरेको स्व–घोषणा पत्र।
   ख) औषधि उत्पादक कम्पनीहरुले खरिदकर्ताको नाममा जारी गरिएको सक्कल Manufacturere's Authority Letter.

६. सिलबन्दी दरभाउपत्र साथ धरौटी बापतको तपसिलमा उल्लेखित रकम यस नगरपालिकाको नेपाल बैंक, लिमिटेड, राजापुर शाखामा रहेको धरौटी खाता हि.नं. ०२८०३०००००३००००००००१... मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त नेपाल भित्रको कुनै पनि बैंकले यस कार्यालयको पक्षमा जारी गरेको सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति देखि गणना हुने गरी कम्तीमा ७५ दिन म्याद भएको शर्त रहित बैंक ग्यारेन्टी (बिड बन्ड) पेश गर्नु पर्नेछ।

७. सिलबन्दी दरभाउपत्र फाराम भर्दा ठेक्काका शर्तहरु पूर्णतः अध्ययन गरी स्पष्ट सँग भर्नु पर्नेछ।

८. सिलबन्दी दरभाउपत्र मुल्यांकन तथा स्वीकृतीको निर्णय न्युनतम मुल्य र बोलपत्रको प्राविधिक पक्ष समेतका आधारमा गरिनेछ।

९. सिलबन्दी दरभाउपत्र फाराममा मु.अ.कर. बाहेकको दररेट अंक र अक्षर दुवैमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट वा थपघट गर्नुपर्ने भएमा केरमेट वा थपघट गरिएको ठाउँमा आधिकारिक व्यक्तिको हस्ताक्षर हुनुपर्नेछ। म्याद नाघि आएको वा रित नपुगी पर्न आएको बोलपत्रउपर कुनै कार्यवाही गरिने छैन।

१०. यस सूचनामा नपरेका अन्य कुराहरुको हकमा बोलपत्र सम्बन्धी कागजातहरु, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम हुने छ। साथै अन्य थप कुराहरु बुझ्न आवश्यक परेमा यस कार्यालयको फो.न. ०८४–४६०१६७मा सम्पर्क गरी बुझ्न सकिनेछ।

११. औषधि खरिद गर्दा WHO GMP Certified Company बाट उत्पादित औषधिहरु मात्र खरिद गरिने छ।

१२. खरिद हुने औषधिहरुको म्याद सम्बन्धमा उक्त औषधिको यस कार्यालयमा बुझाउँदा सम्म manufacturing date बाट Expiry Date कम्तीमा १८ महिना बाँकी हुनुपर्नेछ। सो भन्दा घटीमा भएका औषधिहरु बुझिलिने छैन।

१३. नेपाल सरकारको हितलाई ध्यानमा राखिकुने कारण जनाई वा नजनाई दरभाउपत्र पुरा वा आशिक रुपमा पेश भएका बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

**बोलपत्र आव्हान सम्बन्धी विवरण**

| सि.न. | ठेक्का नं | कामको विवरण | धरौटी बापतको रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | ०७/०८१/०८२RM/SQ/GOODS/ | औषधी तथा औषधी जन्य सामाग्री खरिद कार्य | ९८७५०/- | |

**दशरथ बुढा**
**प्रमुख प्रशासकीय अधिकृत**

## Shuklagandaki Municipality
## Office of the Municipal Executive

Dulegaunda, Tanahun
Gandaki Province, Nepal

### Invitation for only Electronic Bids

**First Date of publication: 2081/05/11**

1. The Shuklagandaki Municipality invites only electronic bids from Nepalese eligible bidders for the following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Shuklagandaki Municipality, Office of the Municipal Executive, Dulegaunda, Tanahun or may visit PPMO website ***www.bolpatra.gov.np/egp.***

***Project Description:***

| S.N | Name Of the Project | Contract Identification No. | Estimated amount NRs. (Inclusive VAT and PS Item) | Bid Security Amount NRs. | Bid Price NRs. | Last Date Of Submission |
|---|---|---|---|---|---|---|
| 1. | Supply and Delivery of Medicines , Shuklagandaki Municipality, Tanahun | 2/NCB/GOODS/ SMC/2081-082 | 27,30,053.27 | 70,000.00 | 3,000 | 2081/06/10 |

**Chief Administrative Officer**

## वर्गीकृत विज्ञापन/डिस्प्ले

**घरजग्गा**

काठमाडौं गोलढुंगाको तुरुन्तै बिक्रीमा: ९७६७६५५२९५, ९८०३२३१८७६

स्वयम्भु भगवानपाउको अत्याधुनिक आकर्षक बंगला तुरुन्तै बिक्रीमा ९८०६६५८८००, ९८०३८२२२७२

**बीमा पोलिसी हरायो**

मिति २०८१।४।१६ गते रत्नपार्कदेखि महाराजगञ्जसम्म जाँदा मेरो निम्न व्यहोरा भएको लाइफ इन्स्योरेन्स कर्पोरेसनबाट जारी भएको बिमा पोलिसी हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध गर्दछु।
नामः लिला भट्टचन (शेरचन)
पोलिसी नं. १४००२७००२
ठेगानाः काठमाण्डौ-३, काठमाण्डौ
सम्पर्कः ९८५८०२४५२१

**सम्पर्क**

**फ्लेक्स प्रिन्ट सम्बन्धी सम्पूर्ण कामहरु गर्नुपरेमा हामीलाई सम्पर्क गर्नुहोस्: ९८४९३३३५९०**

**होटल बिक्रीमा**

**स्वयम्भु विजेश्वरी हाइवेको चलिरहेको होटल ॐ तुरुन्तै बिक्रीमा: ९८०३८२२२७२, ९८०६६५८८००**

**माइग्रेसन सर्टिफिकेट हरायो**

मिति २०८१/०४/०१ गते लैनचौर देखि दरबारमार्ग सम्म जादै गर्दा मेरो निम्न ब्यहोरा भएको +2 को माइग्रेसन सर्टिफिकेट हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालयमा वा निम्न ठेगानामा बुझाई दिनुहुन बिनम्र अनुरोध गर्दछु।
नामः**ज्योत्सना अधिकारी**
रजिष्ट्रेशन नम्बर: **781050090288**
सिम्बोल नम्बर: **20501026**
फोन नम्बर: **9829320400**